# चितवन जिल्ला अदालत

(आर्थिक प्रशासन शाखा)

भरतपुर, चितवन

☎ ०५६-५३१८१७

Fax :- ०५६-५३११९८

account.dcchitwan@supremecourt.gov.np

श्री चितवन जिल्ला अदालत भरतपुर २०२१

प. सं. :-२०७८।०७९-०२

च. नं. :- १६६४५

मिति :- २०७९।०३।०१

श्री सर्वोच्च अदालत

सूचना प्रविधि महाशाखा

रामशाहपथ, काठमाडौं ।

विषयः सुचना प्रकाशन सम्बन्धमा।

प्रस्तुत विषयमा यसै पत्रसाथ संलग्न गरि पठाइएको यस अदालतको धरौटी सदरस्याहा गर्ने सम्बन्धी सूचना सर्वोच्च अदालतको वेबसाइटमा प्रकाशन गरिदिनुहुन सादर अनुरोध गरिन्छ ।

ईश्वर आचार्य

श्रेस्तेदार उप-सचिव

**चितवन जिल्ला अदालत**

**भरतपुर, चितवन**

# धरौटी सदरस्याहा गर्ने सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मिति २०७९/०३/०२

कोष तथा लेखा नियन्त्रक कार्यालय चितवनको धरौटी खाता नं. १३१०१००१०२०३००००, यस चितवन जिल्ला अदालतको कार्यालय कोड २०४९७३१०१ मा जम्मा भएको आ.ब.२०७४/०७५ सम्मको धरौटी रकम सदरस्याहा गर्न सर्वोच्च अदालतबाट मिति २०७७/०७/२५ मा परिपत्र भएको हुँदा लामो समय सम्म धरौटी खातामा रहेको रकम पछि मुद्दा फैसला बाट सम्बन्धित पक्षलाई फिर्ता दिनु पर्ने भएमा बजेट निकासा माग गरी फिर्ता दिन सकिने व्यवस्था अनुसार हाल सम्म मुद्दाको अन्तिम किनारा लागि धरौटी फिर्ता लिन बाँकी रहेका विभिन्न व्यक्ति/फर्म तथा संस्थाहरुको नाममा प्रयोजन विहिन अवस्थामा रहेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ बमोजिम हालसम्म फिर्ता लिन नआएकाले सोही नियमावलीको नियम ६७ बमोजिम सदरस्याहा गरी राजश्व दाखिला गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ । अत: सो अवधिको धरौटी रकम फिर्ता लिन पाउने कुनै प्रमाण तथा आधार भएमा यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन (मिति २०७९।०३।१६) भित्र कार्यालय समयमा यस अदातमा निवेदन पेश गर्नु हुन अनुरोध छ।

**नोट:** थप जानकारीका लागि यस अदालतको आर्थिक प्रशासन शाखा (सम्पर्क नं. ०५६-५९०९१७) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

सेरेस्तेदार-उप-सचिव